महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

भौतिक पूर्वाधार तथा यातायात निर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं. २६८

मितिः २०७८/७/२२

विषयः- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन।

श्री कार्यालय प्रमुखज्यू,
मिक्लाजुङ गाउँपालिका,
गाउँकार्यापालिकाको कार्यालय,
रवि, पाँचथर।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को विनियोजन/ राजस्व/धरौटी/ अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८/६/२२ मा छलफल पश्चात् तयार गरिएको पाना २६(छब्बिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।

कार्यालयबाट पेश भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान् बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम कारवाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

२०७८/७/२२
(ललित बहादुर शाक्य)
निर्देशक

बोधार्थ तथा कार्यार्थः

| | |
|---|---|
| श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ - | प्रतिवेदन संलग्न छ। |
| श्री जिल्ला समन्वय समितिको कार्यालय, पाँचथर - | प्रतिवेदन संलग्न छ। |
| श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथर - | प्रतिवेदन संलग्न छ। |
| श्री प्रदेश लेखा ईकाइ कार्यालय, पाँचथर - | प्रतिवेदन संलग्न छ। |

प्रमाणित प्रतिलिपि

कार्यालय र स्थानः श्री मिक्लाजुङ गाँउपालिकाको कार्यालय, रवि, पाँचथर।        आर्थिक वर्षः २०७७/७८

| नाम | | कार्यरत अवधि | | बेरुजु रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री अरुण राई | २०७७-४-१ | २०७७-५-२३ | ६,९१,८२,०८९।८० |
| | प्रमुख प्रशासकीय अधिकृत श्री अनिल तिखत्री | २०७७-५-२४ | २०७८ असार मसान्त | |
| लेखा प्रमुख | लेखापाल श्री दिपेद्र कुमार चेम्जोङ | २०७७-४-१ | २०७८ असार मसान्त | |

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

व.उ.शि.नं. विभिन्न   कार्यालयको नाम  श्री मिक्लाजुङ गाँउपालिकाको कार्यालय, रवि, पाँचथर।        आर्थिक वर्ष २०७७।७८

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| | | परिचयः- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न मिक्लाजुङ्ग गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो। १ नं. प्रदेशको पाँचथर जिल्लामा रहेको मिक्लाजुङ्ग गाउँपालिकाको क्षेत्रफल १६६.६१ वर्ग किलोमिटर, जनसंख्या २४,६५६ र वडा संख्या ८ रहेको छ।<br><br>उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, प्रेषित आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्वपत्र एव अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरणसमेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र श्रोत, सूचनाको पहुचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नअनुसार छः | | |

प्रमाणित प्रतिलिपि

ब.उ.शि.नं. विभिन्न   कार्यालयको नाम  श्री मिक्लाजुङ गाँउपालिकाको कार्यालय, रवि, पाँचथर।   आर्थिक वर्ष २०७७।७८

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|

बेरुजु दाखिला र फिर्ता दाखिला भएको प्रमाण पेश भएको छ।

| सि.न. | बापत | बेरुजु दाखिला रकम | फिर्ता रकम |
|---|---|---|---|
| १. | संघिय शर्शत अनुदान | | ३३६६८८८७.०० |
| २. | प्रदेश शर्शत अनुदान | | ६१३४५२९.०० |
| ३. | सामाजिक सुरक्षा फिर्ता | | २४३४७२.०० |
| ४. | स्थानिय सचित कोष दाखिला | | १७०००.०० |
| ५. | बहाल कर | ५१३२४.०० | |
| ६. | सामाजिक सुरक्षा कर | २०३०३२.०० | |
| ७. | बढि भुक्तानी | १६२७८८.०० | |
| | जम्मा | ४१७१४२.०० | ४००६३८८८.०० |

१. स्थानीय संचितकोषः- पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार पालिकाको आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोषको  आय व्यय विवरण निम्नानुसार रहेको छ।

## आर्थिक कारोबारको स्थिति

| विवरण | टिप्पणी | यस वर्ष रु. बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | गत वर्ष रु. आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क.ख) | | ६८३१२१५५१ | ६३४१९५०६२.९३ | ० | ६३४१९५०६२.९३ | ५०५९०५०४९.१८ | ७४२६९३८ | ५१३३३१९८७.१८ |
| | | | | | | | | |
| ११००० कर | | ८४५३१२७० | ७१६२१०६६.९९ | ० | ७१६२१०६६.९९ | ५८६५२४१०.१८ | ० | ५८६५२४१०.१८ |
| १३००० अनुदान | | ४६११८६०८० | ४४७३११५७८.०० | ० | ४४७३११५७८.०० | ३५८०१७००० | ७४२६९३८ | ३६५४४३९३८. |
| संघीय सरकार | | ४४६४०६०८० | ४२४६११५७८.०० | ० | ४२४६११५७८.०० | २९६३४३६५५. | ७४२६९३८ | ३०३७७०५९३. |
| प्रदेश सरकार | | २२७८०००० | २२७८००००.०० | ० | २२७८००००.०० | ६१६७३३४५ | ० | ६१६७३३४५. |
| अन्तरिक श्रोत | | ६८७६४४३ | ६८७६४४३.०२ | ० | ६८७६४४३.०२ | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ० | ० | ० | ०.०० | ३१६८९४३ | ० | ३१६८९४३ |
| | | | | | | | | |
| वितरण गर्न बाँकी राजस्व | | ० | ० | ० | ०.०० | ० | ० | ० |
| कोषहरु | | | | | | १५०४६१३४ | ० | १५०४६१३४ |
| धरौटी | | ०.०० | ५७७८२१०.०० | ० | ५७७८२१०.०० | ६०१४०७७ | ० | ६०१४०७७ |
| आकस्मिक कोष | | २०९१२३५.०० | २०९१२३५.०० | | २०९१२३५.०० | ० | ० | ० |
| प्रकोप व्यवस्थापन कोष | | ७८३१५८८.०० | ७८३१५८८.०० | | ७८३१५८८.०० | ० | ० | ० |
| विभाज्य कोष खाता | | ०.०० | ०.०० | | ०.०० | ० | ० | ० |
| विविध कोष खाता | | १५८८३२५.०० | १५८८३२५.०० | | १५८८३२५.०० | ० | ० | ० |
| विविध खर्च खाता | | ३६२०४३७.७२ | ३६२०४३७.७२ | | ३६२०४३७.७२ | ० | ० | ० |
| | | | | | | | | ० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८७३९६१८०.०० | ८७३९६१८०.०० | ० | ८७३९६१८०.०० | ६६००६४०५ | ० | ६६००६४०५ |
| | | | | | | | | |
| ग. भुक्तानी (संचित कोषबाट) | | ५९२५१७६६०.२९ | ४८७६६६१६८.३३ | ०.०० | ४८७६६६१६८.३३ | ४१०८८७११५.७० | १३२२०००.०० | ४१२२०९११५.७० |
| २१००० पारिश्रमिक / सुविधा | | ८२२३४०८०.०० | ७०६२३५९१.६६ | ०.०० | ७०६२३५९१.६६ | १५८३८२९४६.२० | ०.०० | १५८३८२९४६.२० |
| २२००० मालसामान तथा सेवाको उपयोग | | ६०३०९१६१.०० | ४४१९९४४७.०० | ०.०० | ४४१९९४४७.०० | ४४९५४३५५.५० | २२०००.०० | ४५०१७३५५.५० |
| २५००० सहायता (Subsidy) | | ६४१२०००.०० | ६४१०४६७.०० | ०.०० | ६४१०४६७.०० | २५९४४९५०.०० | ०.०० | २५९४४९५०.०० |
| २६००० अनुदान | | १३९४१२०००.०० | १२६७६४७९८.०० | ०.०० | १२६७६४७९८.०० | ५२४६५३९.०० | ०.०० | ५२४६५३९.०० |
| २७००० सामाजिक सुरक्षा | | ८४७६०००.०० | ८४७५२८६.०० | ०.०० | ८४७५२८६.०० | ४५१६२४५.०० | ०.०० | ४५१६२४५.०० |
| २८००० अन्य खर्च | | १८३००००.०० | १६३६२३५.०० | ०.०० | १६३६२३५.०० | १६७४६८७.०० | ०.०० | १६७४६८७.०० |
| ३१००० गैर वित्तीय सम्पती/ पुँजीगत खर्च | | २९३८४४४१९.२९ | २२९५५६३४३.६७ | ०.०० | २२९५५६३४३.६७ | १८०१२६४०३.०० | १३०००००.०० | १८१४२६४०३.०० |
| घ. अन्य भुक्तानी | | १०३५९७७६५.७२ | १०१७५९७३१.०० | ०.०० | १०१७५९०३१.८० | ८१५३५०१०.०० | [illegible] | ८१५३५०१०.०० |
| कोषहरु | | | | | | १३३६०९८६.०० | ०.०० | १३३६०९८६.०० |
| धरौटी | | ०.०० | १२५४२०५.०० | ०.०० | १२५४२०५.०० | ३१६७६१९.०० | ०.०० | ३१६७६१९.०० |
| आकस्मिक कोष | | २०९१२३५.०० | १२८००००.०० | | १२८००००.०० | ०.०० | ०.०० | ०.०० |
| प्रकोप व्यवस्थापन कोष | | ७८३१५८८.०० | ७५४१३९४.०० | | ७५४१३९४.०० | ०.०० | ०.०० | ०.०० |
| विभाज्य कोष खाता | | ०.०० | ०.०० | | ०.०० | ०.०० | ०.०० | ०.०० |
| विविध कोष खाता | | १५८८३२५.०० | १५११३६९.०० | | १५११३६९.०० | ०.०० | ०.०० | ०.०० |
| विविध खर्च खाता | | ३६२०४३७.७२ | २७७५८८३.०० | | २७७५८८३.०० | ०.०० | ०.०० | ०.०० |
| | | | | | | | | |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ८७३९६१८०.०० | ८७३९६१८०.०० | ०.०० | ८७३९६१८०.०० | ६६००६४०५.०० | ०.०० | ६६००६४०५.०० |

प्रमाणित प्रतिलिपि

व.उ.शि.नं. विभिन्न  कार्यालयको नाम  श्री मिक्लाजुङ गाँउपालिकाको कार्यालय, रवि, पाँचथर।  आर्थिक वर्ष २०७७।७८

| दफा नं. | भौ./मिति | विवरण | | | | | | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | | ७७७४.०० | | ७७७४.०० | ० | ० | ० |
| | ङ. यो वर्षको बचत (न्यून) | | | ४४७६१९८६३.६० | ०.०० | ४४७६१९८६३.६० | ११५८७८६१.४८ | ०.०० | ११५८७८६१.४८ |
| | च. गतवर्षको जिम्मेवारी रकम (ङ-च) | | | ३९२३६०९४.११ | | ३९२३६०९४.११ | ११६४८२३२.६३ | ०.०० | ११६४८२३२.६३ |
| | वर्षान्तको बाँकी रकम (ङ + च) | | | ८३९९८९८३.७१ | ०.०० | ८३९९८९८३.७१ | ३९२३६०९४.११ | ०.०० | ३९२३६०९४.११ |
| | बैंक तथा नगद बाँकी | २४ | | ८३९९८९८३.७१ | | ८३९९८९८३.७१ | ३९२३६०९४.११ | ०. | ३९२३६०९४.११ |

१.१. <u>आर्थिक विवरणः-</u> गाउँपालिकाले दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एकुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ। सोअनुसार लेखा राखेको देखिएन। यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन् भने शीर्षकगत खर्चको स्थितिसमेत मुल्याकन गर्न सकिने अवस्था रहेको छैन।

१.२. <u>बैंक मौज्दातः-</u> श्रेष्ता अनुसार र बैकअनुसार मौज्दात भिडान हुनुर्दछ। यस बर्ष श्रेस्ता अनुसार बैंक मौज्दात रु. ८२२४९५२७।८९ देखिएकोमा बैंक अनुसार रु. ८७५४६६८०।३९ मौज्दात देखिएकोले श्रेष्ताअनुसार भन्दा बैंक अनुसार कूलमौज्दात रु. ५२९७१५२।५० बढी देखिएको छ। सो रकम स्थानिय तह स्थानीय संञ्चित कोषको खातामा श्रेष्तानुसार बाँकी ७२९६२३०३।४६ भएकोमा बैंक अनुसार बाँकी रु. ७८२५९४५५।९६ रहेकोले श्रेस्तानुसार भन्दा बैंक अनुसार रु. ५२९७१५२।५० बढी देखिएको छ। बैंक र श्रेस्ता अनुसार बैंक भिडान नहुनुको कारण पत्ता लगाई हिसाब मिलान गर्नुपर्ने र बैंक बढी रकम आम्दानी बाध्नुपर्ने देखिन्छ।

१.३. <u>दाखिला गर्न बाँकीः-</u> भुक्तानी गर्दा नियमानुसार कट्टी गरी राखेको रकम दाखिला गर्नुपर्दछ। एकिकृत आयव्यय विवरण अनुसार रु. ७,७७४।०० कट्टी रकम दाखिला गर्न बाँकी देखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. ७७७४।००

२. <u>आन्तरिक नियन्त्रण प्रणालीः-</u> स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।
- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- पालिकाको श्रेष्ता र बैंक बिचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी



प्रमाणित प्रतिलिपि

| दफा नं. | मौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|
| | | केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी नदिएको तथा इ टीडिएस नगरेको।<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको।<br>• कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो।<br>• मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको | | |



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|

पाईएन।

- स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २८(५) मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकायलगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नुपर्ने र सडक निर्माण गर्दा यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले यातायात गुरुयोजना तयार गरेको देखिएन।
- एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवारको म.ले.प.फा.नं. २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार प्रतिवेदन तयार गरेको पाइएन।
- प्रथम चौमासिक अवधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा पालिकाले सो को कार्यन्वयन गरेको छैन।
- आर्थिक कार्यविधि तथा उत्तरदायि नियमावली, २०७७ को नियम ४७(१) अनुसार पेश्की माग गर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नु पर्ने र उपनियम ४ अनुसार १५ दिन भित्र आवश्यक बिल ,भरपाई र कागजात सहित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लागत अनुमान तयार नगरी एउटा पेश्की फछ्यौंट नहुँदै अर्को पेशकी दिने गरेकोले सूधार गर्नुर्दछ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ वनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३. <u>बजेट पेश गर्ने तथा पारित गर्नेः-</u> स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्रै पारित गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७७।३।०९ गते पारित भएको छ।

४. <u>खर्च गर्ने अख्तियारी र कार्यविधिः-</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ। सभाबाट बजेट मिति २०७७।३।०९ मा स्वीकृत भएकोमा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी मिति २०७७।३।२५ मा प्रदान गरेको देखिन्छ।

५. <u>कर्मचारी व्यवस्थाः-</u> निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ८३ रहेपनि पदपूर्ति २९ जना ५४ जना रिक्त रहेका छन। रिक्तमध्ये ५१ जना करारमा राखी कार्य सञ्चालन गरिएको छ। पद पूर्ति नहुदा सेवा प्रवाहमा असर परेकोले रिक्त पद पूर्ति हुनुपर्दछ।



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| ६. | | योजना छनौटः- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष ५ लाख देखि कमका रु. १ करोड ९० लाख ४३ हजारका वडा नं. १ देखि ८ सम्म वडास्तरीय ११४ वटा योजना बाँडफाड गरी गाउँसभा बाट अनुमोदन गरेको पाइयो। साना साना योजना वडावाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना बनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ। | | |
| ७. | | लक्ष्य प्रगतिको स्थितिः- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेका कार्यक्रमको अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। पालिकाले सञ्चालन गरेका सबै योजनाहरुको नियमले तोकिदिए अनुसारको ढाँचामा प्रगति विवरण तयार गरी पेश गर्नुपर्दछ। | | |
| ८. | | बक्यौता रकम असुलीः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन। आय ठेक्का, सम्पत्ती बिक्रि, मालपोत, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन। उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ। | | |
| ९. | | न्यूनतम दररेट निर्धारणः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने प्रावधान छ। पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवालाई सहज बनाउन न्यूनतम दररेट निर्धारण गरेको छैन भने जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको पनि पालना गरेको देखिएन। उपरोक्त प्रावधानको पूर्ण पालना गर्नुपर्दछ। | | |
| १० | | कानुन र सञ्चालन स्थितिः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले | | |



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|
| | | हालसम्म ७ वटा ऐन, ३ वटा नियमावली, कार्यविधि १५, निर्देशिका १, आचारसंहिता १ र १ वटा नीति लगायत २८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। | | |
| ११. | | <u>वन पैदावार:-</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित सम्बन्धित गाउँपालकिा सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउपालिकाले सो सम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन। आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ। | | |
| १२. | | <u>कर रकम असुली:-</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र बक्यौता रकमसमेत असुली गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ। कार्यालयले मालपोत, शुल्क र अन्य शुल्क तथा दस्तुरबाट असुल हुनुपर्ने रकमको लगत नराखेकोले असुल गर्न बाँकी करहरु यकिन गर्न सकिएन। तसर्थ असुल गर्नुपर्ने करहरुको लगत राखी असुल गर्नुपर्दछ। | | |
| १३. | | <u>व्यवसाय कर:-</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ। यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखेको देखिन आएन। व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन। यस गाउँपालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख राखी करको दायरामा ल्याउनु पर्दछ। | | |
| १४. | | <u>नक्सा पास नभएको:-</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। तर यो वर्ष गाउँपालिकामा नक्सा पाससम्बन्धी काम कारबाही भएको छैन। त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नु पूर्व गाउँपालिकाबाट नक्सापास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ। | | |
| १५. | | <u>सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण नगराएको:-</u> आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ बमोजिम (१) सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण कार्यालय प्रमुखले यस नियमावली बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी गराई महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष जिन्सी निरीक्षण | | |



प्रमाणित प्रतिलिपि

नगरेकोले जिन्सी मालसामानको अवस्था एकिन गर्न सकिएन। अतः जिन्सी निरीक्षण नभएकोले सम्बन्धित जिम्मेवार कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

१६. तेश्रो चौमासिक तथा असार महिनाको खर्चः- स्विकृत वार्षिक कार्यक्रमको लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गरी खर्च गर्नु पर्दछ। वार्षिक कार्यक्रम तथा अख्तियारीअनुसार पहिलो, दोश्रो तथा तेश्रो चौमासिकमा तोकिएको लक्ष्य भन्दा फरक हुने गरी पूजिगत खर्च गरेको देखियो। प्रथम चौमासिकमा ४.९२ प्रतिशत, दोश्रो चौमासिकमा २३.३१ प्रतिशत र तेस्रो चौमासिकमा ७१.७६ प्रतिशत साथै अषाढ महिनामा ४४.५९ प्रतिशत गरेको कारण तेश्रो चौमासिकमा र आषाढ महिनामा बढी खर्च हने गरेको देखिन्छ। तेश्रो चौमासिक एवं वर्षान्तमा बढी खर्च हुदाँ कामको गुणस्तर तथा सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ। अतः तोकिएको लक्ष्य अनुरुप खर्च गर्नुपर्दछ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | २२९५५६२४३.६७ | ११३००६३६ | ५३५२२५३४.०१ | १६४७३३१७३.६६ | १०२३६८६३५.६६ |
| प्रतिशत | | ४.९२ | २३.३१ | ७१.७६ | ४४.५९ |

१७. न्याय सम्पादनः- कार्यालयबाट प्राप्त विवरण अनुसार मुद्दा दर्ता, फछ्र्यौट, बाँकी रहेको विवरण निम्नअनुसार रहेको पाईयो। फछ्यौट हुनबाँकी ६ वटा मुद्दाको समयमा निर्णयगरी पालिकाले न्यायिक सेवा सर्वसुलभ र प्रभावकारी बनाउनुपर्दछ।

| उजुरीको प्रकार | गत आ.व.मा फछ्यौट गर्न बाँकी | यो आ.व मा थप | यो आ.व मा फछ्यौट | फछ्यौट बाँकी | फछ्यौट नहुनाको कारण |
|---|---|---|---|---|---|
| रुख बेच बिखन | - | १ | भएको | - | - |
| अंगभंग क्षतिपुर्ति | - | १ | भएको | - | - |
| गाली गलोज | - | १ | - | १ | निवेदक सम्पर्कमा नआएको |
| बाल बिबाह परामर्श | - | १ | भएर दरफिट गरिएको | १ | - |
| पोहोर मेला सम्बन्धी | - | १ | वडा कार्यालयमा मिलान भएको | - | - |
| लेनदेन | १ | - | - | १ | निवेदक सम्पर्कमा नआएको |
| फौजदारी | १ | - | - | १ | निवेदक सम्पर्कमा नआएको |
| क्षतिपुर्ति | १ | - | - | १ | हाल म्याद सुचना पठाइएको |
| लेनदेन | १ | - | - | १ | हाल म्याद सुचना पठाइएको |

१८. स्थानीय भत्ताः- भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रवधान छ। कर्मचारीहरुलाई दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरेको देखिएन। पालिकाबाटै एकिन गरी दैनिक भत्ता उभयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ।

१९. स्यानेटरी प्याड वितरणः- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको विलभरपाई एवं त्यसलाई पुष्टयाई गर्ने पुर्ण प्रमाण सहित लेखा राख्नु पर्ने व्यवस्था छ। किशोरीलाइ महिनावारी सम्बन्धी शिक्षा प्रदान गर्ने उद्देश्यले स्यानेटरी प्याड कोरोनाका कारण विधालय बन्द रहेको अवस्थामा ३२८७६(१०८ प्याकेट) थानको बिल रु. ८७६७३७।१७ पेश भई रु. ७४६८०२।०० भुक्तानी गरी आषाढ मसान्तमा खरिद सम्झौताबाट अप्सरा ट्रेर्ड लिंक विराटनगरबाट खरिद गरी मौज्दात राखेकोले सम्वन्धित विद्यालयमा पढाई छात्राहरुलाई



प्रमाणित प्रतिलिपि

| दफा नं. | मौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|
| | | प्रयोग गर्ने गरी वितरण भै सकेको अवस्था छैन। कार्यक्रम रहेका सार्वजनिक विद्यालयहरुमा अध्यायनरत विद्यार्थीहरुलाई खरिद गरिएको स्यानीटरी प्याड वितरण नगरेकोले सम्बन्धित विद्यालयका विद्यार्थिलाई बुझाएको भरपाई पेश हुनुपर्ने देखिएको रु. | ७४६००२।०० | |
| २०. | | कल्याण कोषः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ। कोषको व्यवस्था अनुरुप स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। गाँउपालिका अन्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद बाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोषमा गत वर्षको मौज्दात रु. ३२२९८५।०० र यस वर्षको निकासा नभएको एवं सोहि कोषबाट विविधको रु. २४६०२९।०० खर्च गरी रु. ७६९५६।०० मौज्दात रहेको देखियो। ऐनमा भएको व्यवस्था अनुसार सालवसाली रुपमा कल्याण कोषमा रकम जम्मा गर्नुपर्ने र विविधबाट खर्च गर्नुपर्ने रकम कल्याणकोषबाट खर्च गरेकोले शोधभर्ना गर्नुपर्ने रु. | २४६०२९।०० | |
| २१. | | स्थानीय तहका पदाधिकारी सुविधाः- नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं. १ को प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्थाअनुसार मिक्लाजुङ गाउँपालिकाले पदाधिकारीको सुविधाबापत रु. ६३३५६०४।०० भुक्तानी गरेको छ। | | |
| २२. | | सुविधा भुक्तानीः- प्रदेश नं. १ का गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा (१) र दफा ८ को उपदफा (१) बमोजिमको अनुसुची -१(क) बमोजिमको सुविधा भुक्तानी दिन मिल्ने र सो ऐनको दफा ७(३) बमोजिम सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा नदिने र उपदफा ४ बमोजिम सवारी साधनका निम्ति सभाबाट स्वीकृत भएको बजेटभित्र रही कार्यपालिकाले निर्णय गरेबोमोजिम मासिक रुपमा तोकिएको सवारी इन्धन तथा मोबिल कार्यपालिकाबाट उपलब्ध हुने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार मोटरसाइकल सवारी सुविधा बुझेका गाउँपालिका अध्यक्ष र उपाध्यक्षलाई लगबुकबाट इन्धन सुविधा र ८ वडा अध्यक्षलाई वडामा पदाधिकारी इन्धन सुविधाको बजेट राखी खर्च लेखेको अवस्थामा अनुसूची-१(क) को यातायात सुविधा समेत रु. ६,२४,०००।०० भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु. | ६२४०००।०० | |

| पद | पालिका/वडा | पदाधिकारीको नामथर | परिमाण थान | यातायात खर्च |
|---|---|---|---|---|
| अध्यक्ष | पालिका | श्री अमरराज माखिम | १ | १२००००।०० |
| उपाध्यक्ष | पालिका | श्री उर्मिला राई | १ | १२००००।०० |
| वडाध्यक्ष | १ | श्री विष्णुकुमार राई | १ | ४८०००।०० |
| वडाध्यक्ष | २ | श्री सन्तकुमार शेर्मा | १ | ४८०००।०० |
| वडाध्यक्ष | ३ | श्री हस्तराज फियाक | १ | ४८०००।०० |



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| वडाध्यक्ष | ४ | श्री रामकुमार राई | १ | ४८०००।०० |
| वडाध्यक्ष | ५ | श्री अविरान लावती | १ | ४८०००।०० |
| वडाध्यक्ष | ६ | श्री फडिन्द्र प्रसाद घिमिरे | १ | ४८०००।०० |
| वडाध्यक्ष | ७ | श्री मिनराज माखिम | १ | ४८०००।०० |
| वडाध्यक्ष | ८ | श्री रामेश्वर बाजी | १ | ४८०००।०० |
| | | जम्मा | | ६२४०००।०० |

२३. चालु प्रकृतिको खर्चः- पूँजीगत रकमबाट चालु प्रकृतिका तलब, भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन र चन्दा पुरस्कार दिन नपाइने व्यवस्था छ। पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमामात्र खर्च गर्नुपर्नेमा सभाले नियम विपरीत चालु प्रकृतिका कार्यमा विनियोजन गरी खर्च लेखेकोले नियमसम्मत देखिएन। तसर्थ तोकिएबमोजिम पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा पूँजीगत खर्च गर्नुपर्दछ। चालु प्रकृतिका खर्च पूजीगत कोषबाट भएका केही उदाहरण देहायअनुसार छन।

| गो.भौ.नं./मिति | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|
| ९६-०७७/११/१७ | महिला फुटवल कार्यक्रम | ४०००००।०० |
| १००-०७७/११/१८ | विपन्न महिला वीरुवा खरिद तथा उन्नत विउ विजन खरिद | २३२०००।०० |
| ११३-०७७/११/२८ | सि.वि.आर. सहजकर्ताहरुको पारिश्रमिक | १५५००।०० |
| १३०-०७७/१२/११ | पुरुष तथा महिला खेलकुद सामाग्री खरिद तथा पुरस्कार खर्च | २०००००।०० |
| १४६-०७७/१२/२३ | सरस्वती आ.वि. लुगार्डादिन व्यवस्थापन | ५००००।०० |
| १४८-०७७/१२/२५ | श्री सार्वजनिक मा.वि. कोचिङ | ९७२५०।०० |
| १५२-०७७/१२/२५ | सार्वजनिक मा.वि. के जि कक्षा सञ्चालन | ९१२००।०० |
| १५९-०७७/१२/२६ | कार्यक्रम संचालन तथा सामान खरिद र वितरण | ६२३०००।०० |
| १३१-०७७/१२/११ | पुरुष फुटवल र अन्डर फोर्टिन व्याइज फुटवल कार्यक्रम | ४०००००।०० |
| १३२-०७७/१२/११ | शहिद दशरथ आ.वि. व्यवस्थापन | ५००००।०० |
| १३३-०७७/१२/११ | स्वास्थ्य स्वयमसेविका र महिला स्वास्थ्य स्वयमसेविका लाई खाजा खर्च | २५५०००।०० |
| १७८-०७८/४/३ | मेल मिलाप सम्बन्धि अभिमुखिकरण गोष्ठि तथा मेलमिलापल छनोट कार्यक्रम | २४०५५०।०० |
| १९३-०७८/१/१२ | विद्यालय स्तरिय खेलकुद कार्यक्रम | ५०००००।०० |
| २०२-०७८/१/१५ | सिहदेवी मा वि व्यवस्थापन तथा संचालन | २२५०००।०० |
| २०३-०७८/१/१६ | पाइप खरिद तथा विपन्न आवास निर्माण कार्यक्रम | ४५००००।०० |
| २३८-०७८/३/१ | खेलकुद व्यवस्थापन कार्यक्रम | १४८२१०।०० |
| २२८-०७८/३/१० | बाख्रा तथा सुगुर पाठा वितरण | ३०००००।०० |
| २६०-०७८/३/११ | आदिवासी उत्थान कार्यक्रम | १५००००।०० |
| ३९१-०७८/३/२६ | दुर्गा मा वि कक्षा सञ्चालन | ३२९५००।०० |
| | जम्मा | ४७५७२१०।०० |

२४. कर समायोजनः- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि करसमेत भुक्तानी लिएका आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नहुदाँ ननफाइलर देखिएकोले मूल्य अभिवृद्धि कर रु. २१४८९१।०० समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. २१४८९१।००

| भौ.नं/मिति | संस्थाको नाम /स्थायी लेखा नम्बर | बिजक नं/मिति | भुक्तानी रकम | मु.अ.कर | नन् फाइलर मिति |
|---|---|---|---|---|---|
| ५९-०७७/९/९ | आ.के.माइपाइ ग्रिल उद्योग (६१३३२५२९३) | २-०७७/९/९ | ३२६११.८० | ३७५२ | २०७७ आषाढ |
| ३६-०७७/१०/९ | नेपाल जनउद्दार सघ | ८-०७७/१०/७ | ३५८५५८ | ४१२५० | २०७७ माघ |
| १८७-०७८/३/३० | अप्सरा ट्रेड लिंक बिराटनगर-१५ (३०५२६१२०७) | १५२-०७८/३/२४ | ८७६७३७ | १००८६३ | २०७७ आश्विन |
| ३०-०७७/९/१७ | आर्क हिमालय सर्भिसेज प्रा.ली. (603611551) | ०२-०७७/८/२१ | ६००००० | ६९०२६ | २०७७ मंसिर |



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति / विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|
| | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | | | २१४८११।०० | |

२५. <u>आयकर चुक्ता नभएको:-</u> आयकर ऐन, २०५८ अनुसार अघिल्लो वर्षको आय विवरण म्याद थप भएकोमा समेत पौष मसान्तभित्र बुझाई कर चुक्ता लिनुपर्ने व्यवस्था छ। यस वर्ष देहायका निर्माण व्यवसायीले कर चुक्ता नलिएको अवस्थामा खरिद कार्य गरी रु. १६३०७४।०० भुक्तानी गरेको देखिएकोले नियमित नभएको रु. १६३०७४।००

| गो.भौ.नं./मिति | योजना | निर्माण व्यावसायी | बिजक नं./मिति | भुक्तानी रकम | कर चुक्ता मिति |
|---|---|---|---|---|---|
| १४२-०७७/१२/२२ | पहारे टोल सडक निर्माण | साहारा कन्स्ट्रक्सन एण्ड सप्लायर्स (३०५४९५६८०) | ०१०-०७७/१२/८ | १६३०७४ | २०७५/७६ |

२६. <u>सक्कल बिल भरपाइ नभएको:-</u> आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। देहायका निर्माण व्यावसायीलाइ फोटोकपि बिलको आधारमा रकम भुक्तानी गरेको हुदा सक्कल बिल पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. १३९५६०८।००

| सि.नं. | गो.भौ.नं/.मिति | निर्माण व्यावसायी/ आपूर्तिकर्ता | बिल मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २१४-०७८/१/२२ | सम्बन्ध कन्स्ट्रक्सन प्रा.लि. | ४६-०७८/१/२१ | १३९५६०८ | फोटोकपी बिल पेश गरेको |

२७. <u>निर्देशिकाको पालना:-</u> स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नसकिने प्रावधान भएकोमा पनि यो वर्ष २ थान मोटरसाइकल खरिद गरी रु. १०६९२८०।०० खर्च गरेको छ।

२८. <u>तालिम सञ्चालन:-</u> तालिम सञ्चालनको लागि नर्मश स्वीकृत वा अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ बमोजिम तालिम सञ्चालन हुनुपर्दछ। विगतका वर्षदेखि नै विभिन्न प्रकारका तालिम वर्षैपिच्छे हुने गरेकोमा अद्यावधिक अभिलेख नराखेको, लाभग्राहीको छनौट पारदर्शी नभएको, कार्य सञ्चालन निर्देशिका, २०७५ ले तोकेभन्दा बढी प्रशिक्षक भत्ता र खाना तथा खाजा लगायतमा बढी खर्च गरेको आदि जस्ता कारणले तालिममा अनावश्यक खर्च हुने गई तालिम औचित्यपूर्ण र प्रभावकारीसमेत देखिएको छैन। गाउँपालिकाले बजेट विनियोजन गर्दा प्रतिफल दिने किसिमको कार्यक्रम छनौट गरी आय आर्जन हुने र सीपमूलक तालिममा लगानी गर्नुपर्ने देखिन्छ।

२९. <u>बढी भुक्तानी:-</u> २४-२०७७।६।२२ प्रदेश नं १ गाँउ तथा नगर सभाका सदस्यरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसुचि १(क) अनुसार तोकिएको दरमा सुविधा दिनुपर्नेमा देहायका ४० पदाधिकारीलाई श्रावण, भाद्र र आश्विन महिनामा तोकिएको दरभन्दा बढी रु. २५६४५०।०० भुक्तानी गरेकोमा गो भौ नं. २९५ मिति ०७८/३/११ बाट आषाढ महिनामा रु. ९५८५६।०० कट्टा गरेको देखियो। अत: ऐनले पाउने भन्दा बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. १६०५९४।००

| सि.नं | पद | पदाधिकारीको नाम थर | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गा.पा. उपाध्यक्ष | श्री उर्मिला राई | ६६१४।०० |
| २ | वडाध्यक्ष | श्री विष्णुकुमार राई | ८८२०।०० |
| ३ | वडाध्यक्ष | श्री सन्तकुमार सेर्मा | ८८२०।०० |



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४ | वडाध्यक्ष | श्री हस्तराज फियाक | ८८२०।०० |
| ५ | वडाध्यक्ष | श्री राम कुमार राई | ८८२०।०० |
| ६ | वडाध्यक्ष | श्री अविशन लावती | ८८२०।०० |
| ७ | वडाध्यक्ष | श्री फडिन्द्र प्रसाद घिमिरे | ८८२०।०० |
| ८ | वडाध्यक्ष | श्री भिनराज माखिम | ८८२०।०० |
| ९ | वडाध्यक्ष | श्री रामेश्वर बाजी | ८८२०।०० |
| १० | का. पा सदस्य | श्री शान्तकला बुढोली मगर | ६३२०।०० |
| ११ | का. पा सदस्य | श्री इन्दुमाया राई | ६३२०।०० |
| १२ | का. पा सदस्य | श्री लक्ष्मी कला वास्कोटा | ६३२०।०० |
| १३ | का. पा सदस्य | श्री रुपामाया मगर | ६३२०।०० |
| १४ | का. पा सदस्य | श्री महेन्द्र कुमार राई | ६३२०।०० |
| १५ | का. पा सदस्य | श्री दुर्योधन लुहागुन कामी | ६३२०।०० |
| १६ | सदस्य | श्री मनमाया राई आङदेम्बे | १८२०।०० |
| १७ | सदस्य | श्री दुर्गा नेपाली | १८२०।०० |
| १८ | सदस्य | श्री दुर्गा आङदेम्बे | १८२०।०० |
| १९ | सदस्य | श्री शोमसेर राई | १८२०।०० |
| २० | सदस्य | श्री तिर्थमाया गजमेर | १८२०।०० |
| २१ | सदस्य | श्री दिपेन्द्रकुमार शेर्मा | १८२०।०० |
| २२ | सदस्य | श्री विमला दमाई | १८२०।०० |
| २३ | सदस्य | श्री जगतबहादुर राई | १८२०।०० |
| २४ | सदस्य | श्री जय प्रसाद फियाक | १८२०।०० |
| २५ | सदस्य | श्री आइतमाया राई | १८२०।०० |
| २६ | सदस्य | श्री सिता विश्वकर्मा | १८२०।०० |
| २७ | सदस्य | श्री विष्णुकुमार राई | १८२०।०० |
| २८ | सदस्य | श्री राजेन्द्र राई | १८२०।०० |
| २९ | सदस्य | श्री अरुणा लावती | १८२०।०० |
| ३० | सदस्य | श्री शान्ति कुमारी वि.क. | १८२०।०० |
| ३१ | सदस्य | श्री मेघराज लावती | १८२०।०० |
| ३२ | सदस्य | श्री फुलमाया गोले | १८२०।०० |
| ३३ | सदस्य | श्री उमा देवी दर्जी | १८२०।०० |
| ३४ | सदस्य | श्री टिकाराज जोगी | १८२०।०० |
| ३५ | सदस्य | श्री महते लिम्बु | १८२०।०० |
| ३६ | सदस्य | श्री भुमा लाम्गादे | १८२०।०० |
| ३७ | सदस्य | श्री दिलबहादुर तामाङ | १८२०।०० |
| ३८ | सदस्य | श्री विमल राई | १८२०।०० |
| ३९ | सदस्य | श्री जनकुममारी पोखेल | १८२०।०० |
| ४० | सदस्य | श्री नोबिन गौतम | १८२०।०० |
| | जम्मा | | १६०५९४१०० |

३०. <u>जे.सी.बी. र ट्याक्टरः-</u> आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले JCB र टयाक्टर प्रयोग गर्दा कार्यविवरण, प्रयोग भएको अवधि र कार्य घण्टा, इन्धनको लगबुक र आम्दानी रकम आदि खुल्ने गरी अभिलेख राखेको देखिएन। यस वर्ष जे.सि.बि. १ र टयाक्टर १ सञ्चालनमा गर्दा मर्मत तथा इन्धन खर्च रु. २०,१५,६४१।- खर्च र २ चालकको पारिश्रमिक रु. ६४६२००।०० समेत जम्मा रु. २६६१८४१।०० खर्च गरेको उल्लेख गरेपनि भाडा प्रयोजनमा नदिएको एवं पालिकाको कार्यक्षेत्रभित्र प्रयोग गरेकोमा कार्यको अभिलेख नराखेको देखियो। अतः पालिकाले जे.सि.बि.को प्रतिघण्टा दररेट



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|

निर्धारण गरी आइडल नराखि व्यावसायिक प्रयोजनका अतिरिक्त पालिकाको कार्यमा अभिलेख राखि प्रयोग गर्नुपर्ने देखिन्छ।

३१. अख्तियारी तथा कार्यक्रम बेगर खर्चः- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ अनुसार तोकिएको अख्तियारी अनुसार कार्यक्रममा मात्र खर्च गर्नु पर्नेमा व्यवस्था रहेको छ। प्रदेश सरकारबाट कार्यक्रम र अख्तियारी प्राप्त नभएकोमा भौ.नं. १०७ बाट मिति २०७७।११।१७ मा आखाँ उपचार केन्द्र रविबजारका कर्मचारीलाई पारिश्रमिक भुक्तानी गरेकोले सम्बन्धित निकायबाट सोधभर्ना हुनुपर्ने रु.

रकम: ३६३७६१।००

३२. अनुदान किस्ताः- सुरक्षित नागरिक आवास कायान्वयन कार्यविधि, २०७५ को दफा ५(७) अनुसार स्थानिय तहसँग सम्झौता भए पश्चात पहिलो किस्ता ६० प्रतिशत र निर्माण कार्य सम्पन्न पश्चात दोश्रो तथा अन्तिम किस्ता ४० प्रतिशत उपलब्ध गराउने व्यवस्था छ। गाउँपालिकाले दिएको विवरण अनुसार वडा नं. ५ बाहेक ७ वटा वडामा कार्यक्रम सञ्चालन भएकोमा यस वर्ष छनौट भएको ३९६ जनालाई प्रथम किस्ता उपलब्ध गराएकोमा दोश्रो किस्ता कार्यसम्पन्न नहुदा भुक्तानी नभएकोले प्रथम किस्ताको जनहि रु. ३००००। का दरले रु. ११८८००००।०० प्रदान गरेको रकम सदुपयोग भएको सुनिश्चित नभएको रु.

रकम: ११८८००००।०

३३. डीपीआर खर्चः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा र नियम १२(२) अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने र साथै प्याकेजिङ्ग गरी बोलपत्रको माध्यमबाट समेत खरिद गर्न सकिनेमा नियम ७२ बमोजिम मौजुदा सूचीमा रहेका परामर्शदाताबाट प्रस्ताव माग गरी २० लाख रुपैया भन्दा घटिको लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरेको एवं स्वीकृत बजेटको हाराहारीमा खर्च भएकोले खरिद मितव्यायी र पारदर्शी देखिदैन। अतः नियमावलीको व्यवस्था अनुसार खर्च गर्नुपर्दछ।

| कार्य बिवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| १ नं वडा कार्यालय भवन डी पी आ र | सगुन इन्जिनियरीङ सोलुसन प्रा ली | ३०००००.०० | ३०००००.०० |
| आधारभुत अस्पताल डि पी आर | ब्रिग ब्रदर एण्ड इन्जिनियर्स प्रा ली | १५०००००.०० | १५०००००.०० |
| नयाँ कुलो तथा भत्के भैरुङ कुलो डि.पि.आर. कार्यक्रम | इमेज इन्जिनयरीङ कन्सल्टेन्सी | २०००००.०० | २०००००.०० |
| जम्मा | | २००००००.०० | २००००००.०० |

३४. बोयर बोकाः- ९३-०७७/११/१२ प्रजननयोग्य बोयर जातको बोका आधिकारिक फर्म, अनुसन्धान केन्द्र वा सरकारी मान्यता प्राप्त घोषित श्रोत केन्द्रबाट तोकिएको मूल्यमा खरिद गर्नुपर्ने प्रावधान रहेकोमा लाभग्राहिलाई १ बोका रु. १०००००।०० खरिद गरी शतप्रतिशत अनुदानमा वितरण गरेको देखियो। आधिकारीक श्रोत केन्द्रबाट खरिद नगरेको, लाभग्राहि छनोटको मापदण्ड नभएको, बीमा र स्वास्थ्य परिक्षण नगराएको एवं लाभग्राहिको लागत सहभागिता नरहेकोले खर्च रकम नियमित नभएको रु.

रकम: १०००००।००

३५. मालसामानको निरीक्षण र स्वीकृतिः- सार्वजनिक खरिद नियमावली, २०६४ को ११५(१) बमोजिम सार्वजनिक निकायले खरिद गरिएका मालसामान संम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा



प्रमाणित प्रतिलिपि

| दफा नं. | मौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| | | परीक्षण गर्नुपर्ने व्यवस्था छ। यस वर्ष औषधि, कोल्ड स्टोर, सोलार प्यानल, जेनेरेटर, यु. एस. जि. कलर डेभलपर मेशिन आदि खरिद गरेकोमा सामाग्रीको गुणस्तर र स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षण/निरिक्षण प्रतिवेदन तयार गरेको देखिएन। आपूर्ति गरिएका मालसामान तोकिएको गुणस्तर र स्पेशिफिकेशन भए नभएको एकिन गर्न सकिएन। | | |
| ३६. | | <u>कार्यसम्पादन जमानतको रकम नपुगः-</u> सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम कार्य सम्पादन जमानतको रकम बोलपत्रदाताले लागत अनुमानको पन्ध्र प्रतिशत अङ्कभन्दा कम कबुल गरेमा पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका निर्माण र खरिद कार्यमा ऐनले तोके बमोजिमको कार्यसम्पादन जमानत नलिइ खरिद सम्झौता गरेकोले नपुग जमानत रकम थप गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | ८७२१२२।३० | |

| कार्यविवरण | ठेक्का नम्बर | निर्माण व्यवसायी/आपूर्तिकर्ता | लागत अनुमान | कबोल अंक | कार्यसम्पादन जमानत | | फरक |
|---|---|---|---|---|---|---|---|
| | | | | | राख्नु पर्ने | राखेको | |
| Mini Power Teller | MRM/SQ/Goods-008/077/78 | Shree Dev Traders | ११४२४०० | ११३२६०० | ५६६३० | २७००० | २९६३० |
| Procurement of medicine and surgicals goods | MRM/SQ/Medicine-16/077/78 | Kalima Drugs Distributor | १७९९९२७.२ | ७३६४०८.९९ | ४३३५८५.०२ | ४२१००० | १२५८५ |
| Procurement of Solar Panel | MRM/SQ/Goods-17-077/78 | Utsab alternative energy Pvt. Ltd | १२१०५४८ | ९१६२७९.२ | १०२१५७.२६ | ५५००० | ४७१५७.३ |
| Construction of Municipality Building for Miklajung Rural Municipality | MRM/NCB/Works-01-76/77 | Siddha Baba Construction Pvt. Ltd | ८५४५४१८८ | ६७२००६२२.२९ | ६०७७७४९.९ | ५२९५००० | ७८२७५० |
| | | जम्मा | | | | | ८७२१२२.३० |

| दफा नं. | मौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| ३७. | | <u>कार्यसम्पादन जमानतको म्यादः-</u> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० (४) मा कार्य सम्पादन जमानतको अवधि त्यस्तो सम्झौतामा उल्लिखित प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ। कार्य सम्पादन जमानतको अवधि घटी भएको अवस्थामा खरिद सम्झौतासमेत गर्न नमिल्नेमा देहायको आपूर्तिकर्तासँग घटी अवधिको कार्य सम्पादन जमानत पेश भएको अवस्थामा पनि सम्झौता गरेको देखियो। नियमको प्रावधानअनुसार जमानतको अवधि थप गर्नुपर्ने देखिएको रु. | ३३०४८८६२।०० | |

| कामको विवरण | परामर्शदाता/आपूर्तिकर्ता/निर्माण व्यावसायी | कार्य सम्पन्न मिति (म्याद थप समेत) | वारेन्टि पिरियड/त्रुटि सच्याउने अवधि | कार्यसम्पादन जमानको म्याद | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|
| वडा नं. १ कार्यालय भवन निर्माण MRM/NCB/works-10-077/78 | जानुका बिल्डर्स प्रा.लि. इलाम | २०७८/११/१५ | ०७९/१२/१४ | २०७८/११/९ | ११०२००० |
| Supply and delivery of steel parts for trial bridge | इन्टरटेक प्रा.लि. बुटवल | २०७७/५/३१ | २०७८/६/३० | २०७८/१/२८ | १५१५६२ |
| बुद्ध पार्क निर्माण | सरस्वती निर्माण सेवा फिदिम पाँचथर | २०७८/२/३१ | २०७९/३/३० | २०७८/४/८ | ५७८००० |
| गा.पा.प्रशासकीय भवन निर्माण | सिद्धबाबा कन्स्ट्रक्सन प्रा.लि. | २०७९/१/१५ | ०८०/२/१४ | ०७८/१/१७ | ५२००००० |
| Construction of primary Hospital | सि.एम./वृष्टिना लफ्गिजे.भि. नयाँ बानेश्वर काठमाण्डौ | २०८०/१/७ | २०८१/२/६ | २०८०/१/२९ | २०५००००० |
| रवि थृजना आ.वि. संक्रान्त आल्बोटे मोटरबाटो स्तरोन्नती | सम्बन्ध कन्ट्रक्सन प्रा.लि. | २०७७/१२/२५ | ०७९/१/२४ | ०७८/९/३० | ४९२००० |
| चुलिया देखि लिम्बा खोला मो.बा. | गजुमुखि माई निर्माण सेवा दमक | २०७८/३/३१ | ०७९/४/३० | २०७९/१/१६ | २५०००० |
| उतरदेखि वडा कार्यलय साराङजाने मोटर सडक स्तरोन्नती | एडलिन मल्टी प्रपोज कन्स्ट्रक्सन एण्ड सप्लायर्स दमक | २०७८/१/२७ | २०७९/२/२६ | ०७८/९/२९ | ४९२००० |
| हाइब्रन्टीचाट खेलमैदान निर्माण कार्य | Edlyn multipurpose construction and suppliers | ०७८/३/१९ | ०७९/४/१८ | २०७८/३/१० | ५०००० |
| सोलार प्यानल खरिद | उत्सव अल्टरनेटिभ इनर्जि प्रा.लि. फिदिम | २०७८/३/१९ | २०८३/४/१८ | २०७९/२/१४ | ५५००० |
| जेनेरेटर खरिद | केशरीचन्दा भवरलाल एण्ड कम्पनी लिमिटेड | २०७८/२/१८ | ०७९/३/१८ | २०७८/५/९ | ५९००० |
| सुनापती सेवा आप्टोर दपीसी मो.बा. ट्रयाक ओपन | गजुमुखिमाई निर्माण सेवा कम्पनी प्रा.लि. दमक | २०७८/३/७ | २०७९/४/७ | २०७८/११/६ | ३१६००० |
| कृषि सडक सोदीक सडक स्तरोन्नती तथा ट्रयाक ओपन | गजुमुखिमाई निर्माण सेवा कम्पनी प्रा.लि. दमक | २०७८/३/७ | २०७९/४/७ | २०७८/११/६ | ६५६३०० |
| वडा नं. ६ वडा कार्यालय भवन | चाङ्गे निर्माण सेवा ताप्लेजुङ | २०७९/६/२७ | ०८०/७/२७ | २०७९/६/२२ | १४५५००० |



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| Electronic pumping सबै खा पा | सुर्य गोसाकी कन्स्ट्रक्सन इन्टरप्राइजेज प्रा.लि. | २०७८/३/३१ | २०७९/४/३० | ०७८/४/२ | ४७८००० |
| | | ०७९/८/३० | २०८०/९/३० | ०७९/४/२३ | ५६२००० |
| सेटिक टैंक निर्माण | जानुका बिल्डर्स प्रा.लि. इलाम | | | ०७९/४/२३ | ५६२००० |
| | | ०७९/८/३० | | | ३३०४८८६२ |
| | जम्मा | | | | |

३८. <u>बिमा:-</u> सार्वजनिक खरिद ऐनको खरिद नियमावली २०६४ को नियम ११२(१) बमोजिम १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले बिमा गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी खरिद सम्झौता बमोजिम बिमा बापतको रकम भुक्तानी गर्दा बिमा गरेको पोलिसी र प्रिमियम तिरेको रसिद संलग्न गरी भुक्तानी गर्नुपर्दछ। यस वर्ष खरिद सम्झौतामा बिमा गराउनु पर्ने उल्लेख भएपनि निर्माण व्यावसायीले बिमा नगराएको र बिमा गराएकोमा समेत संझौतामा उल्लेख भएअनुसार गराएको देखिएन। सो सम्बन्धि केही उदाहरण देहाअनुसार छन।

| सि.न. | कार्य विवरण | निर्माण व्यवसायी/आपूर्तिकर्ता | सम्झौता रकम (मु.अ.कर सहित) |
|---|---|---|---|
| १. | वडा न. १ को कार्यालय भवन | जमुना बिल्डर्स प्रा.लि. इलाम | ८९२७१६५।५३ |
| २. | १५ शैयाको आधारभुत अस्पताल निर्माण | सि.एम./कृष्ण लक्ष्मी जे.भि. नयाँबानेश्वर काठमाण्डौ | १२२७०२०२८।८० |
| ३. | चुनेपा देखि लिम्बा खोला | मजुरमुखी माई निर्माण सेवा प्रा.लि. दमक | ४९८५५७३।४६ |
| ४. | बुद्धपार्क निर्माण | सरस्वती निर्माण सेवा | ११५४१३०४।०९ |
| ५. | कुरुम्बा/लिम्बा/दोर्दिम्बा कृषि सडक स्तरोन्नी र ट्याक ओपन | जानुका बिल्डर्स | ४९०२३१२।५३ |
| ६. | बुद्धमुर्ति निर्माण | नविन स्कल्पर प्रा.लि. | २७००००००।०० |
| | जम्मा | | १८००५८३८४।०० |

३९. <u>अग्रिम पेश्कीको जमानतको जमानतको म्याद:-</u> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(४) बमोजिम उपनियम (३) बमोजिमको बैङ्क जमानतक मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका निर्माण व्यवसायीलाई अग्रमि पेश्की प्रदान गरेकोमा नियमले तोके बमोजिम जमानतको म्याद नपुग भएकोले थप गर्नुपर्ने देखिन्छ।

| योजना | निर्माण व्यवसायी | पेश्की जमानत | संम्झौता मिति | फछ्यौट हुन बाँकी पेश्की | कार्य सम्पन्न गर्नुपर्ने म्याद थप सहित | म्याद थप हुनुपर्ने अवधि | जमानतको म्याद |
|---|---|---|---|---|---|---|---|
| बुद्धपार्क निर्माण | सरस्वती निर्माण सेवा फिदिम-२ पाँचथर | २३००००० | २०७६/३/४ | ५००००० | २०७८/२/३१ | २०७७/१२/४ | २०७६/९/१४ |
| प्रशासकीय भवन निर्माण | सिद्धबाबा कन्स्ट्रसन | ५९०००००<br>२३४६००० | २०७६/७/१७ | ४५०००००<br>२३४६००० | २०७९/१/१५ | २०७८/८/१६ | ०७७/५/१५<br>०७८/३/३० |
| आधारभुत अस्पताल भवन निर्माण | सि.एम/कृष्ण लक्ष्मी जे.भी. | २१७००००० | २०७५/१/८ | २१७००००० | २०८०/१/७ | २०७९/१०/७ | ०७८/६/२९ |
| कुरुम्बा/लिम्बा/दोर्दिम्बा कृषि सडक स्तरोन्नी र ट्याक ओपन | जानुका बिल्डर्स प्रा.लि. | ८००००० | २०७७/१०/९ | ८००००० | २०७७/३/८ | २०७७/४/७ | |
| | जम्मा | | | २९८४६००० | | | |

४०. <u>मूल्य अभिबृद्धि कर कट्टा नगरेको:-</u> मूल्य अभिबृद्धि कर नियमावली, २०५३ मा २०७६।२।१५ मा भएको एक्काइसौं संशोधनबाट थप भएको नियम ६ ग मा ठेक्का वा करार अन्तरगत वस्तु वा सेवा आपूर्ति वापतको कर भुक्तानी गर्दा कर रकमको ५० र २०७८/२/१५ देखि ३० प्रतिशत कार्यालयबाट कट्टा गरी राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष ठेक्का वा करारको रकम रु. २४५२२६८१।०० भुक्तानी गर्दा रु. २८२११९३।०० मूल्य अभिबृद्धि करको ५० र ३० प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. ४५८९७८।४ कट्टा नगरी भुक्तानी गरेकोले मूल्य अभिबृद्धि कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको छ रु. ४५८९७८।००



प्रमाणित प्रतिलिपि

| दफा नं. | श्रो./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|

| भो.चो.न./मिति | बिल संख्या | कार्य विवरण | निर्माण व्यवसायी | बिल रकम (भ्याट बाहेक) | कट्टा हुनुपर्ने | कट्टा भएको | घटी कट्टा |
|---|---|---|---|---|---|---|---|
| २५-०७७/९/१६ | दोस्रो | गा.पा. प्रशासकीय भवन | सिद्धबाबा कन्स्ट्रक्सन प्रा.लि. | ३२६९७० | १८८०८ | | |
| २७-०७७/१२/१६ | तेस्रो | | | ६८००००० | ३९११४० | | |
| ३२-०७७/१२/२८ | तेस्रो | | | ३४००००० | १९४४७४ | | |
| १३९-०७७/१२/१६ | तेस्रो | | | ३०००००० | १७२४६६ | | |
| १६५-०७७/१२/२७ | तेस्रो | | | ११००००० | ६३२७४ | | |
| १८७-०७८/३/१० | तेस्रो | | | ३४००००० | १९४४७४ | | |
| ४३१-२०७८/३/२० | चौथो | | | ९१११८९ | ७२८९ | ८१५६१८ | २२८६१९ |
| | | | जम्मा | १८२३८१५९ | १०४४२३७ | ८१५६१८ | २२८६१९ |
| १६८-०७८/३/२८<br>४००-०७८/३/२८ | | धरापनी सौर्य उर्जा जडान | उत्सव अन्टरनेसन इनर्जी प्रा.लि. | ११७९६८२ | २७२०७.०८ | ००.०० | २७२०७ |
| २१४-०७८/३/१० | | रबि भुजना आ.वि. सकान्ते आह्बोटे-२ मो.बा. निर्माण | सम्बन्ध कन्स्ट्रक्सन प्रा.लि. दमक | १३९५६०७ | ८०२७८ | ७४८३१ | ५४४७ |
| १२-०७८/३/३०<br>४१८-०७८/३/३० | | यु एस बि क्लर डेभलपर खरिद | आर्यन सर्जिकल हाउस विराटनगर | ६७८००० | २३४०० | ००.०० | २३४०० |
| ४-०७७/८/२४ | | झोलुङ्गे पुल स्टील पार्टस खरिद | इन्टरटेक प्रा.लि. बुटवल | ३०३१२३३ | १७४३६३ | ००.०० | १७४३६३ |
| | | कुल जम्मा | | २४५२३६८१ | १३४९४८५ | ८९०४४९ | ४५८९७८ |

४१. ल्याब टेष्टः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। ल्याब टेष्ट बापत भुक्तानीको रकम रु. ६०९५१।५० को बिजक बेगर भुक्तानी गरेकोले बिजक पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. ६०९५१।५०

| कार्य विवरण | निर्माण व्यावसायी | बिल संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| गाउपालिकाको प्रशासकीय भवन निर्माण | सद्धिबाबा निर्माण सेवा | चौथो | ६०९५१.५० |

४२. बढि भुक्तानीः- निर्माण व्यावसायीलाई संझौता बमोजिम नापी भएको हालको बिलका आधारमा भुक्तानी गर्नुपर्नेमा बुद्ध पार्क निर्माण बापत निर्माण व्यावसायी श्री सरस्वती निर्माण फिदिम-२ पाँचथर लाई तेश्रो रनिङबिल अनुरुप रु. २८४७९८९।०० भुक्तानी गर्नुपर्नेमा रु. २८७९१८९।०० भुक्तानी गरेकोले रु. ३१२००।०० बढि भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु. ३१२००।००

४३. कृषक प्रोत्साहन कार्यक्रमः- कोरोना संक्रमणबाट उत्पन्न परिस्थितिमा कृषिजन्य उपज उत्पादन बृद्धिमा उत्प्रेणा ल्याउने कृषकहरुलाई सम्मान तथा पुरस्कार वितरण सम्बन्धी कार्यविधि, २०७७ को दफा ५.१ बमोजिम धान ४० मुरी वा सो भन्दा माथि र मकै ४ फुट चौडाई ४ फुट उचाई २० फुट लम्बाई भएको थाङ्ग्रो उत्पादन गर्ने कृषकलाई १/१ लाख तथा आलु ३५ मन वा सो भन्दा माथि उप्पादन गर्नेलाई प्रतिकेजि रु. २० पुरस्कार राशी तथा प्रोत्साहन स्वरुप प्रमाणप्रत्र दिने व्यवस्था छ। यस वर्ष पुरस्कार स्वरुप देहायअनुसार १३३ जनालाई रु. १२७२४०००।०० वितरण गरेको देखियो उक्त पुरस्कार वितरण गर्नुपूर्व पूर्व बाझो जमिन एवं उत्पादनको अभिलेख र पुरस्कार वितरण पश्चात खेति भएको जमिन र उत्पादनको वृद्धि प्रतिशत अभिलेख राखेको देखिएन। उक्त धान, मकै र आलु उत्पादन गर्न लाग्ने लागत र कृषकले व्यहोर्ने अंश नछुटयाई मापदण्ड तयार गरेको देखियो। अतः अभिलेख व्यवस्थापन गरी लागतमा कृषकको सहभागिता समेत समावेश हुने गरी पुरस्कार निर्धारण गर्नुपर्दछ।

| प्रोत्साहन पाउने कृषक संख्या | कार्य विवरण | प्रोत्साहन दर | जम्मा भुक्तानि |
|---|---|---|---|
| ८ | आलु उत्पादन | २८००० | २२४०००।०० |
| ५९ | मकै उत्पादन | १००००० | ५९०००००।०० |



प्रमाणित प्रतिलिपी

| दफा नं. | भौ./मिति विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६६ | धान उत्पादन | १००००० | ६६०००००।०० |
| १३३ | जम्मा प्रोत्साहन रकम | | १२७२४०००।०० |

४४. <u>निर्माण व्यवसायीबाट काम गराएको:-</u> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७.१३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसँगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखी निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरीद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ। ग्रामीण सडक निर्माण गर्न सम्झौता गरेका उपभोक्ता समितिहरुले सडक निर्माणको काम निर्माण व्यवसायीलाई दिई निर्माण व्यवसायीले सडक निर्माण गरेको उल्लेख गरी जारी गरेको बिजक कार्यालयमा पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको देखिएको छ। यसरी नियमको पालना नगरी प्रतिस्पर्धाबाट प्राप्त हुन सक्ने लाभलाई सिमित पार्ने र स्थानीय स्वामित्व ग्रहण गर्ने गरी आफै उपभोक्ता समितिबाट हुनु पर्ने कामलाई देहायका निर्माण व्यवसायीलाई दिने उपभोक्ता समितिलाई कारबाही गरी सडक निर्माणको काम प्रतिस्पर्धा गराइ सञ्चालन गरीनुपर्ने रु. — ५६०५२३२।००

| गो.भौ.न. | योजना | निर्माण व्यासायी | बिल रकम |
|---|---|---|---|
| ३१७-०७८/३/२४ | मेहलबोटे सावाँवा मोटरबाटो निर्माण | वाजिहाङग कन्स्ट्रक्सन प्रा.लि. | ३७६०९८.९० |
| ४०४-०७८/३/ | पावाखोला भोटेवारी एकराते सडक निर्माण | वाजिहाङग कन्स्ट्रक्सन प्रा.लि. | ३१३२३६ |
| ४०९-०७८/३/२९ | दशनामी केराबारी पेकुवा बाझगरा स्तरोन्ति | जि.एन. पाँचथर कन्स्ट्रक्सन प्रा.लि. | १००८००९.७२ |
| ३९३-०७८/०३/२६ | | | |
| ३३०-०७८/३/२४ | उत्तरे खान्दोङ वडा कार्यालय मोटर बाटो निर्माण | एड्लीन मल्टिपर्पोज कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १३१६८१८ |
| ४१९-०७८/३/३० | कुम्बेटार बाट कम्पुदोभान हुँदै हाङगुम मोटरबाटो निर्माण | गजुरमुखी माई निर्माण सेवा कम्पनी दमक | १००१८८० |
| ४२४-०७८/३/३० | वडा स्तरीय सडक मर्मत सम्भार उ.स. | जानुका बिल्डर्स | २५३१२० |
| २०३-०७८/३/२३ | सितेम्बा सन्लेरी मोटरबाटो स्तरोन्नति उ स | जानुका बिल्डर्स | ३८६८७१.३२ |
| २०३-०७८/३/२५ | बेदारटोल सराङ भज्याङ जोड्ने नयाँ ट्याक ओपन निर्माण उ स | गोडेनी निर्माण सेवा प्रा.लि. | ९४९२०० |
| | जम्मा | | ५६०५२३२.०० |

४५. <u>कार्यस्वीकार प्रतिवेदन नभएको:-</u> सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) बमोजिम कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको जाचँ गरी सार्वजनिक निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सम्पन्न भएका देहायका निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन बेगर भुक्तानी गरेकोले कार्यस्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु. — ४३८७५०।००

| गो.भौ.नं./मिति | उपभोक्ताता समिति | उपभोक्ता बिल रकम | भुक्तानी रकम |
|---|---|---|---|
| १६६-०७७/१२/२९ | मावाखोला मेवाखोला सडक स्तरोन्नती समिति | ३१४२८५ | २४३७५० |
| १६९-०७७/१२/३० | दिप ज्योति भान्सा घर निर्माण योजना | २५४७५० | १९५००० |
| | जम्मा | | ४३८७५० |

प्रमाणित प्रतिलिपी

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| ४६. | | <u>सम्पति तथा जिन्सी मालसामानको लगत तयार गर्नेः-</u> आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाको जिन्सी खातामा आम्दानी गर्न छुट देखिएको र जिन्सी निरीक्षण समेत नगरेकोले खरिद भएका, सहायता वा हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानको एकिन गरी आम्दानी बाँध्नुपर्ने र सम्बन्धित जिम्मेवार कर्मचारीलाई जवाफदेहि बनाउनुपर्ने देखिन्छ। नमुना परीक्षण गर्दा देहायको मालसामान जिन्सी आम्दानी बाँधेको नदेखिदा आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु. | २३२८८९५।०० | |

| गो.भौ.नं./मिति | सामान | भुक्तानी रकम |
|---|---|---|
| १०१/०७७/११/१८ | ल्यापटप र कलर प्रिन्टर | ४१५८४० |
| १९७-०७८/१/१२ | जेनेरेटर खरिद | ८२३९९७ |
| २५७-०७८/३/१० | मसिनरी सामान खरिद | ११८११८ |
| ६०-०७७/१०/२० | मोटरसाइकल खरिद | ४७४९०० |
| १७७-०७८/०१/०३ | डिजिटल नोटिस बोर्ड | ४९६०४० |
| जम्मा | | २३२८८९५ |

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| ४७. | | <u>बहाल करः-</u> आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम बहाल रकम भुक्तानी गर्दा १० प्रतिशतले हुने बाहल कर कट्टा गर्नुपर्नेमा देहायका व्यावसायीलाई रु. १६७०००।०० भुक्तानी गर्दा बहाल कर कट्टा नगरेको र कट्टा गरेको कम कट्टा गरेकोले रु. १५०७५।०० जिम्मेवार व्यक्तिबाट असूल गर्नुपर्ने देखिएको रु. | १५०७५।०० | |

| गो.भौ.नं./मिति | कार्य विवरण | व्यावसायी | भुक्तानी रकम | बहाल कर | कट्टी भएको | कम कट्टी भएको |
|---|---|---|---|---|---|---|
| १२२-०७७/१२/०५ | होमपाइप ढुवानी | हरि थापा | ३०००० | ३००० | ७५० | २२५०।०० |
| १३०-०७७/१२/११ | टयाक्सी भाडा | सुजन क्षेष्ठ | ३९००० | ३९०० | ०० | ३९००।०० |
| ४१७-०७८/३/३० | पाडिहरु ढुवानी | प्रकाश राई | ३५००० | ३५०० | ८७५ | २६२५।०० |
| ३-२०७७/५/८ | सवारी साधन भाडा | जित बहादुर भुजेल | ६३००० | ६३०० | ०० | ६३००।०० |
| | जम्मा | | १६७००० | १६७०० | १६२५ | १५०७५।०० |

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| ४८. | | <u>प्रधानमन्त्री रोजगार कार्यक्रमः</u> स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २८८ जनालाई रोजगारी उपलब्ध गराई रु. १,४८,८९,६००। खर्च गरेको छ। लक्षित वर्गलाई २२ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। | | |
| ४९. | | <u>बढि भुक्तानीः-</u> प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चाल निर्देशिका, २०७७ अनुसार काम गरेको श्रमिक श्रमदान अवधिको रकम भुक्तानी गर्नुपर्नेमा आरुबोटे सिचाई कुलो | | |

प्रमाणित प्रतिलिपी

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|

अन्तर्गत २३ वटा योजनामा २८८ जना श्रमिकले श्रमदान गरेकोमा २८९ जनाको भुक्तानी गरेकोले १ जना श्रमिकको प्रतिदिन रु. ५१७। का दरले १०० दिनको ज्याला रु. ५१७००।०० बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु. — ५१७००।००

५०. कोभिड खर्चः- कोभिड १९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७८ असार मसान्त सम्मको क्यारेन्टिन होल्डिङ सेन्टर निर्माण व्यवस्थापन आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन जनशक्ति परिचालन जोखिम भत्ता औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद स्वास्थ्य पुर्वाधार निर्माण अन्य शिर्षक समेत रु. ५६२९६५६।०० खर्च भएको छ। सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गरी खरिद कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।

५१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः- गो.भौ.नं. २०७-२०७८।३।२९ र २५७-०७८/३/२९ अनुदान पाउने निकायबाट खर्चको विवरण, वित्तिय तथा भौतिक प्रगति र कार्य सम्पन्न प्रतिवेदन प्राप्त गर्नुपर्दछ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको वर्षान्तको अन्त्यमा निम्न विद्यालयलाई निकासा दिइ खाता रोक्का राखेकोमा लेखापरीक्षण अवधि सम्म खर्चको विवरण, वित्तिय तथा भौतिक प्रगति र कार्यसम्पन्न प्रतिवेदन प्राप्त नभएकोले खर्च भएको एकिन गर्न नसकिएको हुदाँ स्थानिय तहको काम भएको सिफारीस सहित कार्य सम्पन्न प्रमाण पेश गर्नुपर्ने दखिएको रु. — ९१५००००।००

| क.स. | विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १. | दुर्गा मा.वि. | ३६०००००।०० |
| २. | अमरदिप मा.वि | १८०००००।०० |
| ३. | सिंहदेवी मा.वि. | १८०००००।०० |
| ४. | खान्द्रोङ मा.वि. | ६५००००।०० |
| ५. | चन्द्रोदय मा.वि. | ६५००००।०० |
| ६. | चन्द्रेघर मा.वि | ६५००००।०० |
| | जम्मा | ९१५००००।०० |

**(शिक्षा तर्फ)**

५२. तलबी प्रतिवेदनः- शिक्षा नियमावली २०५९ अनुसार कार्यरत शिक्षकको सेवा वार्षिक तलबी प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गरी खर्च गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित गरेको छैन। तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेखुपर्दछ।

५३. शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७७/७८) **IEMIS** मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४०० का दरले शिक्षण सिकाइ सामाग्री तथा corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २०० का दरले प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. २०० का दरले दिवा खाजा बाल



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|
| | | विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन। जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम IEMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ। यस सम्बन्धमा विद्यालयको हाजिरी उपलब्ध हुन नसकेको र IEMIS मा प्रविष्ट तथ्याङ्क समेत अद्यावधिक नभएकोले एकिन गर्न सकिएन। पालिकाले विद्यालयको IEMIS तथ्यांकलाई अधावधिक गरी विद्यार्थीसंख्याको आधारमा जाने निकासा वास्तविक विद्यार्थी संख्याकै आधारमा गए नगएको एकिन गर्नु पर्दछ । | | |
| ५४. | | <u>विद्यालयगत निकासा खाताः-</u> गाउँपालिकाले प्रत्येक विद्यालयको स्थायी, अस्थायी दरवन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलव ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता राखेको देखिएन। विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्ट गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख राखु पर्ने देखिन्छ। | | |
| ५५. | | **<u>IEMIS को तथ्याङ्कः-</u>** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७७/७८) मा IEMIS मा प्रविष्ट, तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा हुनुपर्दछ। पालिकाले अनुगमनगरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्याकं अधावधिक गरी सोही आधारमा निकासा गर्ने कार्य गर्नु पर्दछ। अत गाउँपालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, सि एस एन एस, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सबै अनुदानहरुको सम्वन्धमा विद्यालयले अनुगमन गरी एकिन गरिनु पर्दछ। | | |
| ५६. | | <u>दिवा खाजाः-</u> कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७७/७८) मा **IEMIS** मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा, अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति, विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले **IEMIS** मा प्रविष्ट तथ्याङ्कलाई अधावधिक नगरी एवम कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन नगरी दिवा खाजा व्यवस्थापन वापत निकासा भएको छ। **IEMIS** अधावधिक, नभएको र दैनिक हाजिरी एवम खर्चको विल भरपाई समेत पेश भएको छैन। अत गाउँपालिकाले अनुगमन गरी, हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गर्नु पर्दछ। | | |



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|

५७. पर्व भत्ता:- नेपाल सराकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ निर्णयानुसार निर्णय (क) बमोजिम कम्तीमा छ (६) महिना करार सेवा गरेमा सालवसाली रुपमा एक (१) महिनाको आधारभुत पारिश्रमिक बरावरको चाडपर्व खर्च उपलब्ध गराउने व्यावस्था छ। यस वर्ष पालिकाले देहायका विद्यालयका शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा छ महिना सेवा अवधि नपुगेका करार शिक्षकहरुको चाडपर्व भुक्तानी परिपत्र विपरित भएकोले असूल गर्नुपर्ने रु. ५२६८८।००

| विद्यालय | शिक्षकको नाम | नियुक्ती मिति | दशै भत्ता बापत भुक्तानी रकम | कर कट्टी | खुद कट्टी भुक्तानी |
|---|---|---|---|---|---|
| सुबिन्देश्वर आ.वि.लेखगाउँ | मनिन्द्र राई | २०७७/६/१ | २६६१० | २६६ | २६३४४ |
| | सुजना माथिम | २०७७/६/१ | २६६१० | २६६ | २६३४४ |
| | जम्मा रकम | | ५३२२० | ५३२ | ५२६८८ |

५८. पाठ्यपुस्तक वितरण:- पाठ्य पुस्तकको अनुदान निकासा गर्दा विद्यार्थिको संख्या एकिन गरि आवश्यक बमोजिम रकम निकासा गर्नुपर्दछ। विद्यालयको बिल, वितरण भरपाइ पेश नभएकोले निकासा भएको रकम सदुपयोग भयो भएन एकिन गर्न सकिएन। पालिकाले निकासा भएको रकम विद्यार्थिको यथार्थ संख्या, विल रकम र वितरण भरपाई बमोजिम भए नभएको भिडान गरी एकिन गर्नुपर्दछ।

५९. शिक्षक विद्यार्थी अनुपात:- शिक्षा ऐन, २०२८ को (नवौ संसोधन २०७४) तथा शिक्षा नियमावली, २०५९ को (नवौ संसोधन, २०७४) बमोजिम पहाडी क्षेत्रमा शिक्षक विद्यार्थी अनुपात १:४५ भएको र यस वर्ष यस गाउँपालिका अन्तर्गतका ५६ विद्यालयमा २६३ शिक्षक दरबन्दी रहेकोमा विद्यार्थी संख्या ५०७९ रहेकोले शिक्षक विद्यार्थी अनुपात १:१९ रहेको देखियो। विद्यार्थी संख्या, भौगोलिक अवस्था, विद्यालय पुग्न लाग्ने समय, दुरी तथा पढाईबाट बञ्चित नहुने आदि अवस्था विचार गरी शिक्षक दरबन्दी मिलान र विद्यालय गाभ्ने व्यवस्था गर्नुपर्नेमा यस वर्ष सो कार्य भएको देखिएन। अतः गाँउपालिका समेतले अनुगमन गरी गाउँपालिका, शिक्षा विकास तथा समन्वय ईकाई र स्थानीय समुदायबीच समन्वयको व्यवस्था मिलाई शिक्षक दरबन्दी मिलान तथा विद्यालय गाभ्ने कार्यमा सहजता ल्याउनुपर्दछ।

६०. लेखापरीक्षण:- आर्थिक वर्ष २०७६/७७ मा ५६ वटा विद्यालय मध्ये कुनै पनि विद्यालयले लेखा परीक्षण गराएका छैनन्। वित्तीय अनुशासन कायम गर्न गराउन विद्यालयहरुको लेखापरीक्षण अनिवार्य गराउनु पर्दछ।

स्वास्थ्य तर्फ:-

६१. औषधि खरिद:- सार्वजनिक निकायले खरिद कार्य प्रतिशपर्धी र मितव्ययी हुनगरी खरिद गर्नुपर्दछ। गाँउपालिकाले यस वर्ष रु. ७८ लाख ३१ हजारको निशुल्क वितरण गर्ने औषधीहरु खरिद गरी अन्तर्गतका ८ वटा स्वास्थ्य संस्थाहरुलाई हस्तान्तरण गरेको छ। स्वास्थ्य संस्थाहरुबाट औषधीका माग संकलन गरी औषधीको नाम तथा परिमाण खुलाई पटक पटक खरिद गरेको छ। यसरी खरिद गर्दा प्रतिस्पर्धा र मितव्ययी भएको देखिदैन। खरिद कार्यलाई प्रभावकारी बनाई प्रतिस्पर्धाको माध्यम अपनाई खरिद गर्न आवश्यक व्यवस्था गर्नुपर्दछ। यस सम्बन्धि देखिएको व्यहोराहरु निम्नानुसार छन्:



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| ६१.१. | | खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात एकिन नगरेको, | | |
| ६१.२. | | आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | | |
| ६१.३. | | आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकिन गर्न सकिएन । | | |
| ६१.४. | | औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | | |
| ६१.५. | | तसर्थ, औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरुको जिम्मेवारीलाई जिन्सी अभिलेख खातामा व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | | |
| ६१.६. | | <u>खरिद औषधिको उत्पादन एवं म्याद गुज्रेको:-</u> प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका २०७४।७५ बमोजिम औषधि खरिद गर्दा १८ महिना अवधि भएको वा Self Life को दुई तिहाई अवधि भएको औषधि मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी सार्वजनिक लेखा समितिले वार्षिक प्रतिवेदनमा म्याद नाघेका औषधिका सम्वन्धमा म.ले.प. को सुझाव बमोजिम गर्ने निर्णय गरेको देखिन्छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधि तथा सर्जिकल सामानहरुमध्ये ५ प्रकारका औषधिहरुको परीक्षण गर्दा उत्पादन एवं म्याद गुज्रेको औषधिहरुको अवस्थाका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन। | | |

| क.सं. | औषधि/सर्जिकल सामानहरुको नाम | ईकाई | म्याद समाप्त मिति |
|---|---|---|---|
| १. | Ferrus sulphate+Folic Acid | Tab | २०२१-७-३१ |
| २. | RUTF | Pkt | २०२१-१-३१ |
| ३. | Dexomethsone 4 mg | Vial | २०२१-१-३१ |
| ४. | inj metronidazole | Ph | २०२१-१-३१ |
| ५. | inj Vitamin K 1 ml | Amule | २०२१-४-३० |
| ६. | Sulphamethoxazole 800+Trimethoprim 160 | Tab | २०२१-३-३१ |
| ७. | Determine HIV Test Kits (PMTCT) | Pc | २०२१-८-३१ |
| ८. | inj Hydrocortisone | Vial | २०२१-३-३१ |
| ९. | inj Amoxycillin 875+ Clavulanin Acid 125 | vial | २०२१-७-३१ |
| १०. | inj Oxytocin 5 unit | Amule | २०२१-३-३१ |
| ११. | Viral Transport Medium (VTM)-covid-19 | Pc | २०२१-७-३१ |
| १२. | Viral Transport Medium(vtm)-COVID-19 | Pc | २०२१-४-३० |
| १३. | Rapid Diagosnics Test Kit for Covid | Pc | २०२१-३-२४ |
| १४. | Oint Clotrimazole 20 gm | Tube | २०२१-७-३१ |



प्रमाणित प्रति लिपी

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|

सामाजिक सुरक्षा कार्यक्रमतर्फः-

६२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। यस वर्ष पालिकाले ४ वटा बैंकलाई रु. ६१००५१८०।०० निकासा दिएकोमा रु. ६,०७,५३,७०८।०० खर्च गरी रु. २५५४७२। फिर्ता गरेको उल्लेख गरेको छ। सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् -

६२.१. सामाजिक सुरक्षा खर्चः- बैकले लाभग्राहिलाई वितरण गरेको खर्च रकम जोडजम्मा गरी प्रमाणित गर्नु पर्दछ। देहायका बैक मार्फत लाभग्राहिलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा सम्बन्धि बैकले लाभग्राहीको खातामा भत्ता रकम जम्मा गरेको विवरण पेश गरेकोमा जोडजम्मा गरी प्रमाणित नभएकोले खर्च रकम एकिन गर्न सकिएन। अतः पालिकाले बैकबाट प्राप्त खर्च विवरण जोडजम्मा गरी खर्च रकम एकिन गर्नुपर्दछ।

| सि.नं. | बैक | वडा | निकाशा रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|---|
| १. | सिभिल बैक | १ र २ | १४२६४३१९ | १४२५२३१९ | १२००० |
| २. | गोर्खा फाइनान्स बैक | ३ र ४ | १६८३४०६ | १६८२०८२८ | १३४७८ |
| ३. | कृषि विकास बैक | ५ र ६ | १५२८१५०८ | १५०८२११४ | १९९३९४ |
| ४. | सासकोशी डेभ्लोपमेन्ट बैंक | ७ र ८ | १४६२५०४७ | १४५९८४४७ | ३०६०० |
| | जम्मा | | ६१००५१८० | ६०७५३७०८ | २५५४७२ |

६२.२. सञ्चित कोष दाखिला गर्नुपर्नेः- सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार खर्च नभई बाँकी रहको रु. २५५४७२।०० मध्ये रु. २४३४७२।०० संघीय सञ्चित कोषमा दाखिला भएकोले फिर्ता गर्न बाँकी रु. १२०००।०० फिर्ता दाखिला हुनुपर्ने देखिएको रू. १२०००।००

६२.३. वितरण व्यवस्थाः- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भूक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम तोकिएको समयमा निकाशा गरेको देखिएन। कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ।

६२.४. निरीक्षण तथा अनुगमनः- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित केन्द्रीय पञ्जीकरण विभागले विशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्यौटको विवरण |
|---|---|---|---|---|
| ६२.५. | | <u>सार्वजनिक सुनुवाई:</u>- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन। कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ। | | |
| ६२.६. | | <u>बैंकमार्फत भुक्तानी:-</u> सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम सिभिल बैंक, सप्तकोशी विकास बैंक, कृषि विकास बैंक र गोर्खाज फाइनान्समार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराएको छ। | | |
| ६२.७. | | <u>एम.आई.एस. मा प्रविष्टि:</u>- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १० बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको अनुसुची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निर्दिष्ट समयभित्र एम.आई.एस. मा प्रविष्टि गर्नुपर्नेछ भन्ने व्यवस्था छ। कार्यालयले तोकिएको समयमा एम.आई.एस. अभिलेख राखेको देखिएन। | | |
| ६२.८. | | सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७२ अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा बसाई सरेका लाभग्राहीको लगत कट्टी गर्नुपर्ने, प्रत्येक वर्ष लाभग्राहीको परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले बसाई सराई र मृत्यु भएका व्यक्तिहरुको विवरण तयार गरेको पाइएन। जसले गर्दा त्यस्ता व्यक्तिको नाम सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन। | | |
| ६२.९. | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाँउपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाँउपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था अनुसार जिल्लाका गाँउपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नवीकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन। | | |
| ६३. | | <u>आन्तरिक आम्दानी: -</u> कार्यालयले जिन्सी किताबमा गत वर्षको बाँकी, यस वर्षको खरिद, खर्च र बाँकी नगदी रसिदको अभिलेख राखुपर्ने र जिन्सी किताबाट खर्च लेखेको रसिद नियन्त्रण खातामा आम्दानी जनाई सम्बन्धित वडा कार्यालयमा आम्दानी रकम उठाउने कर्मचारी जिम्मामा देखिने गरी नगदी रसिद नियन्त्रण खाता राखुपर्ने र वर्षान्तमा कारोवार बन्द भएपश्चात खर्च गर्न बाँकी रसिद फिर्ता गरी अभिलेख व्यवस्थित | | |



प्रमाणित प्रतिलिपि

ब.उ.शि.नं. बिभिन्न   कार्यालयको नाम   श्री मिक्लाजुङ गाँउपालिकाको कार्यालय, रवि, पाँचथर।      आर्थिक वर्ष २०७७।७८

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|
| | | गर्नुपर्दछ। यस वर्ष पालिकाले आन्तरिक आम्दानी रु. ६८,७६,४४३।०२ गरेको मध्ये सफ्टवेयर (अनलाईन) बाट नगरी नगदी रसिद प्रयोग गरी असुल गरेकोमा प्रयोग भएका नगदी रसिद लेखाङ्कन गरेको म.ले.प.फा.नं. १०५ र १०८ पेश नभएको र रसिद नियन्त्रण खातामा लेखाङ्कन नगरी रसिद प्रयोग गरेको नदेखिएको र समयमा बैंक दाखिला समेत नभएकाले आम्दानी भएको रकम यकिन गर्न नसकिने हुँदा पालिकाले यकिन गर्नुपर्दछ। | | |
| ६४. | | <u>घटी दाखिला:-</u> संझौता अनुसार कबुल अंक दाखिला गर्नुपर्दछ। यस वर्ष आन्तरिक आय संकलन तर्फ हाटबजार कर तथा पार्किङ शुल्क (रवि बजार क्षेत्रको) रु. ६०००३०।०० (कबुल अंक रु. ५३१०००।०० मा १० प्रतिशत छुटले हुन आउने रु. ४७७९००।०० र मु.अ. कर रु. ६९०३३।००) मू.अ.कर सहित यम्फु कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता भएकोमा संझौता अनुसार कबुल अंक ४७७९००।०० दाखिला गर्नुपर्नेमा ४७०९९७।०० दाखिला गरेकोले घटी दाखिला गरेको रु. ६९०३।०० असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ६९०३।०० | |
| ६५. | | <u>पेश्की बाँकी:-</u> सम्झौताअनुसार दिएको पेस्की रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट हुन बाँकी गत आ.ब.को समेत पेश्की रु. ३९५५१०००।०० फछ्र्यौट नभई बाँकी रहेको देखियो। बाँकी पेश्की मध्ये यस आर्थिक वर्षको ५ कर्मचारी र ६ स्वास्थ्य चौकिको म्याद नाघेको पेश्की रकम रु. ११४७०००।०० पेश्की नियमानुसार असुल फछ्र्यौट हुनुपर्ने रु. | ११४७०००।०० | |

| गो. भौ. नं./मिति | पेश्की लिने व्यक्ती/फर्म वा कम्पनीको नाम | चालु आ. व. | | गत आ. व.सम्मको | | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | कर्मचारी | | | | | | | |
| ९-२०७७/०५/१८ | बिकास श्रेष्ठ | ० | ४०००० | ० | ० | ० | ४०००० | ४०००० |
| ७९-२०७७/१०/२० | सनिम राइ | ० | १०००० | ० | ० | ० | १०००० | १०००० |
| ८-२०७७/७/२ | सनिम राइ | ० | २५०००० | ० | ० | ० | २५०००० | २५०००० |
| १३-२०७७/१२/०५ | मनी चन्द्र राई | ० | २००००० | ० | ० | ० | २००००० | २००००० |
| २२-२०७८/०३/२३ | गगादेवी राई | ० | १७००० | ० | ० | ० | १७००० | १७००० |
| २३-२०७८/०३/२४ | पर्तबहादुर माखिम | ० | ३०००० | ० | ० | ० | ३०००० | ३०००० |
| | जम्मा | ००.०० | ५४७००० | ० | ० | ००.०० | ५४७००० | ५४७००० |
| | ठेकेदार | | | | | | | |
| ११-२०७७/०७/०३ | सिद्धबाबा कन्स्ट्रक्सन प्रा. ली. | २३४६००० | ० | ० | ० | २३४६००० | ० | २३४६००० |
| १७-२०७७/०७/२३ | नबिन स्कन्बर्स प्रा.लि. | ० | ० | २२०९००० | ० | २२०९००० | ० | २२०९००० |
| १७-२०७७/०७/२३ | सरस्वती निर्माण सेवा | ० | ० | ५००००० | ० | ५००००० | ० | ५००००० |
| १७-२०७७/०७/२३ | सिद्ध बाबा कन्स्ट्रक्सन प्रा. ली. | ० | ० | ४५००००० | ० | ४५००००० | ० | ४५००००० |
| १७-२०७७/०७/२३ | हेना कन्स्ट्रक्सन | ० | ० | ५२०००० | ० | ५२०००० | ० | ५२०००० |
| ८४-२०७७/११/०९ | जानुका बिल्डर्स प्रा.लि. | ८००००० | ० | ० | ० | ८००००० | ० | ८००००० |
| १०५-२०७७/११/१९ | जानुका बिल्डर्स प्रा.लि. | १३३५००० | ० | ० | ० | १३३५००० | ० | १३३५००० |
| २५०-२०७८/०३/०७ | जानुका बिल्डर्स प्रा.लि. | १९९८००० | ० | ० | ० | १९९८००० | ० | १९९८००० |
| ५-०७८/१/१७ र ६-०७८/२/११ | बि.एम/कृष्ण लक्ष्मी जे.भी. | २१७००००० | ० | ० | ० | २१७००००० | ० | २१७००००० |
| | जम्मा | २८१७९,००० | ००.०० | ७७२९००० | ० | ३५९०८००० | ००.०० | ३५९०८००० |
| | संस्थागत | ० | | | | | | |
| २०७७/०९/०२ | प्राथमिक स्वास्थ्य केन्द्र रवि | ० | १५०००० | ० | ० | | १५०००० | १५०००० |
| २०७७/०९/०२ | स्वास्थ्य चौकी लिम्बा | ० | ५०००० | ० | ० | | ५०००० | ५०००० |
| २०७७/०९/०२ | स्वास्थ्य चौकी कुरुम्बा | ० | २५००० | ० | ० | | २५००० | २५००० |
| २०७७/०९/०२ | स्वास्थ्य चौकी दुर्दिम्बा | ० | ५०००० | ० | ० | | ५०००० | ५०००० |
| २०७७/०९/०२ | स्वास्थ्य चौकी आरुबोटे | ० | २५००० | ० | ० | | २५००० | २५००० |
| २०७७/०९/०२ | स्वास्थ्य चौकी सराइडाँडा | ० | १००००० | ० | ० | | १००००० | १००००० |
| २०७८/०३/२० | प्राथमिक स्वास्थ्य केन्द्र रवि | ० | १५०००० | ० | ० | ० | १५०००० | १५०००० |
| २०७८/०३/२० | स्वास्थ्य चौकी दुर्दिम्बा | ० | १५००० | ० | ० | ० | १५००० | १५००० |
| २०७८/०३/२० | स्वास्थ्य चौकी सराइडाँडा | ० | ३५००० | ० | ० | ० | ३५००० | ३५००० |
| | जम्मा | ००.०० | ६००००० | ० | ० | ००.०० | ६००००० | ६००००० |



प्रमाणित प्रतिलिपि

| दफा नं. | भौ./मिति | विवरण | रकम | फछ्र्यौटको विवरण |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उपभोक्ता समिति | | | | | | | |
| २०७८/०२/२१ | ठोट्ने कुलो जल उपभोक्ता संस्था | ८३२००० | ० | ० | ० | ८३२००० | ० | ८३२००० |
| २०७८/०२/३१ | चौतारेनी कुलो जल उपभोक्ता संस्था | ८३२००० | ० | ० | ० | ८३२००० | ० | ८३२००० |
| २०७८/०३/२३ | सामपातो जल उ. स. | ८३२००० | ० | ० | ० | ८३२००० | ० | ८३२००० |
| | जम्मा | २४९६००० | ००.०० | ० | ० | २४९६००० | ००.०० | २४९६००० |
| | कुल जम्मा | ३०६७५००० | ११४७००० | ७७२९००० | ० | ३८५०४००० | ११४७००० | ३९५५१००० |

६६. सेवा प्रवाहः- गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ। गाँउपालिकाले प्रदान गरेका सेवा प्रवाह सम्बन्धमा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गरी सेवाको मुल्यांकन गरीनुपर्दछ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | - | - |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ७७४ | ७७४ |
| मृत्युदर्ता | १९० | १९० |
| बसाईसराई दर्ता | २५१ | २५१ |
| विवाह दर्ता | २४३ | २४३ |
| सम्बन्धविच्छेद दर्ता | ८ | ८ |
| कालोपत्रे सडक निर्माण | २.५ कि मि | - |
| ग्राभेल सडक निर्माण | २५ कि मि | २५ कि मि |

६७. आन्तरिक लेखापरीक्षणः- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। पालिकाले यस वर्षको अन्तर सरकारी वित्तिय हस्तान्तरण र राजश्व बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६८. अनुगमन तथा मूल्याङ्कनः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ

| गत वर्षको बेरुजु रकम (रु.) (क) | यो वर्ष फछ्र्यौट (ख) | बाँकी (ग)=(क)-(ख) |
|---|---|---|
| १८०७५०००।०० | ००.०० | १८०७५०००।०० |

६९. अद्यावधिक बेरुजु स्थितिः- मिक्लाजुङ गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ।

| गत वर्षसम्मको फछ्र्यौ गर्न बाँकी (रु.) (ग) | यो वर्षको सं पं. बाट कायम बेरुजु रु. (घ) | यो वर्षको कायम बेरुजु रु. (ङ) | बाँकी छ =(ग+घ+ङ) |
|---|---|---|---|
| १८०७५०००।०० | ००।०० | ६,९१,८२,०८९।८० | ८७२५७०८९।८० |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण बेरुजु रकम असुल फछ्र्यौट गरिनुपर्दछ।

| (होम बहादुर खत्री) | (कृष्ण बहादुर खत्री) | (रामबाबु पन्त) |
|---|---|---|
| लेखापरीक्षण अधिक्षक | लेखापरीक्षण अधिकारी | लेखापरीक्षण अधिकारी |



प्रमाणित प्रतिलिपि